# स्थानीय राजपत्र

## कैलारी गाउँपालिद्वारा प्रकाशित

खण्ड : २ संख्या : १ मिति : २०८२/१२/१०

भाग - १

सुदूरपश्चिम प्रदेश, कैलारी गाउँपालिका, हसुलिया, कैलाली


### कैलारी गाँउपालिकाको लैंगिक हिंसानिवारण कोष सञ्चालन सम्बन्धी कार्यविधि २०८२

प्रमाणिकरण मितिः२०८२/१२/१०

प्रस्तावना

सबै प्रकारकालैंगिक हिंसाबाट पीडित र प्रभावित व्यक्तिलाईतत्काल उद्धार, सुरक्षा एवं संरक्षण, अल्पकालिन आश्रय, आवश्यक औषधी उपचार, मनोसामाजिक परामर्श, कानूनी उपचारर सामाजिकरुपमा पुनर्स्थापना गरी उनीहरुको स्वतन्त्र र मर्यादीत जिवनको सुनिश्चितताका साथैनेपालको संविधान र प्रचलित कानूनले प्रदान गरेका मौलिक हक तथा मानव अधिकारको संरक्षण र प्रबर्धन गर्नेउद्देश्यलेस्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम एक कार्यविधि बनाई लागुगर्न वान्छनिय भएकाले"कैलारी गाँउपालिकाको लैंगिक हिंसानिवारण कोष सञ्चालन सम्बन्धीकार्यविधि २०८२" तर्जुमा गरिएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम"कैलारी गाँउपालिकाको लैंगिक हिंसानिवारण कोष सञ्चालन सम्बन्धीकार्यविधि २०८२"रहने छ ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(ख) यो कार्यविधि कैलारी गाँउकार्यपालिकाबाट पारित भएको मिति देखि तुरुन्त लागु हुनेछ ।

२ परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कोष" भन्नाले लैगिक हिंसाबाट प्रभावितलाई सहायता गर्ने प्रयोजनको लागि स्थापित कोष सम्झनुपर्छ ।

(ख) "कोषसंचालन समिति" भन्नाले यो कार्यविधि अनुसार कोष संचालन गर्न गठित समितिलाई जनाउनेछ ।"

(ग) "गाँउपालिका" भन्नाले कैलारी गाँउपालिकालाई सम्झनुपर्छ ।

(घ) "घरेलु हिंसा" भन्नाले घरपरिवारमा घरेलु सम्बन्ध भएको कुनै व्यक्तिले दिएको शारिरीक, मानसिक, यौनजन्य तथा आर्थिकरुपमा दिएको यातना, पीडा वा कष्टलाई सम्झनुपर्छ ।

(ङ) "प्रभावित" भन्नाले लैंगिक हिंसा प्रभावित व्यक्तिलाई सम्झनुपर्छ ।

(च) "लैंगिक हिंसा" भन्नाले लिंगको आधारमा सार्वजनिक या नीजि जिवनमा कसैले कसैप्रति गरिने शारिरीक, मानसिक, यौनजन्य वा अन्य सबैप्रकारको यातना, विभेदजन्य व्यवहार, क्षति, पीडा, अपमानजनक व्यवहार, धम्की,दवाव, करकापवाट अनुचित फायदा लिने र स्वच्छेचारिताले स्वतन्त्रतावाट बंचित गरिने सबै कार्यलाई जनाँउदछ ।यस अर्थमा शारीरिक, मानसिक, यौनजन्य हिंसाका साथैमनोवैज्ञानिक, सामाजिक वा आर्थिक रूपमा हानी पुऱ्याउने कार्यहरू समावेश हुन्छन् ।

(छ) "संविधान" भन्नाले नेपालको हाल प्रचलित संविधानलाई सम्झनुपर्छ ।

(ज) "संयोजक" भन्नालेकोष संचालन समितिको संयोजकलाई सम्झनुपर्छ ।

(झ) "समिति" भन्नाले कोष संचालन समितिलाई सम्झनुपर्दछ ।

३ कोषको स्थापना र श्रोत व्यवस्थापन:

(१) कैलारी गाँउपालिकाले बजेटमै सुनिश्चत हुने गरि एक लैंगिक हिंसा निवारण कोषको व्यवस्था गर्नेछ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) संघीय र प्रदेश सरकारबाट प्राप्त हुने नियमित अनुदान रकम ।

(ख) कैलारी गाँउपालिकाको आन्तरिकरुपमा संचित रकमबाट विनियोजित रकम ।

(ग) विभिन्न सामाजिक संघ-संस्था तथा व्यक्ति र समुदायवाट प्राप्त सहयोग रकम ।

(घ) अन्तराष्ट्रिय संघसंस्था तथा समुदाय,व्यक्तिबाट प्राप्त रकम ।

(ङ)सामाजिक उत्तरदायित्व अन्तर्गत (CSR) प्राप्त सहयोग।

(च) अन्य श्रोतबाट प्राप्त रकम ।



राज समफ चौधरी
गा.पा. अध्यक्ष

४ कोषसंचालनको उद्देश्य

(१) कैलारी गाँउपालिकाले माथि उल्लिखित दफा ३(ख) बमोजिम संचित कोषबाट व्ययभार हुने गरी हरेक बर्ष कोष परिचालन र व्यवस्थापन सम्बन्धमा आवश्यक बजेट विनियोजन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विनियोजित कोषको रकम देहाय कामको लागि उपयोग हुने प्रमूख उद्देश्य हुनेछ ।

(क) प्रभावित लाई तत्काल उद्धार र आवश्यक पर्ने भएमा उपचार समेत गर्ने ।

(ख) लैंगिक हिंसामा परेका प्रभावितको उपचार तथा अन्य सहयोगलागि अदालतबाट तोकिएको रकम भूक्तानि गर्न ।

(ग) प्रभावित लाई तत्काल उद्धार सुरक्षा एवं संरक्षण, अल्पकालिन आश्रय, राहत, कानूनी उपचार,मनोसामाजिक परामर्श तथा उपचार र यातायातसेवामा लाग्ने रकम खर्च गर्न।

(घ) प्रभावित वा प्रभावितकोसंरक्षकत्व आवश्यक पर्नेभए संरक्षकलाई शीपयुक्ततालिमर कुनै व्यवसाय संचालन गर्नको लागि अनुदान रकम प्रदान गर्न।

(ङ)यस देखि वाहेक लैंगिक हिंसावाट प्रभावित वालवालिका, किशोर तथा किशोरीहरु वा सोवाट प्रभावित भई लागुऔषध दुर्व्यसनीमा पर्नगएका, सडकमा अलपत्रपरेकाहरुलाईसमेत आवश्यकताका आधारमा उक्तकोष प्राथमिकता दिईसंचालन गरिनेछ ।

पुनश्चःतर माथि उल्लेखित शीर्षक बाहेक कोषको रकम अन्य कुनैपनि कार्यमा उपयोग गर्न पाइनेछैन ।

५ कोष संचालन समिति

(१) कोषको संचालन र व्यवस्थापनको लागि गाउँकार्यपालिकालेकोष संचालन समितिको गठन गर्नेछ । जुन देहाय बमोजिम हुनेछ ।

(क) कैलारी गाउँपालिकाका अध्यक्ष संयोजक

(ख) प्रमूख प्रशासकिय अधिकृत सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमूख सदस्य

(घ) लैंगिक हिंसा निवारणको क्षेत्रमा क्रियाशिल संस्थाहरु मध्येवाट संयोजकलेमनोनित गरेको १ जना सदस्य।

(ङ)महिला वालवालिका तथा सामाजिक शाखा प्रमूख सदस्य-सचिव गरि जम्मा ५ सदस्यीय कोष संचालन समिति रहनेछ ।

राज समझ चौधरी
गा.पा. अध्यक्ष

माथि जेसुकै कुरा लेखिएको भएपनि आवश्यकता अनुसार संचालन समितिले स्थानिय इलाका प्रहरी वा जिल्ला प्रशासन कार्यालय, प्रदेश सामाजिक विकास मन्त्रालयको प्रतिनिधिलाई समेत आमन्त्रित सदस्यको रुपमा बैठकमा सहभागिता गराउन सकिनेछ।

६ कोष संचालन समितिको काम, कर्तव्य र अधिकारहरु

(१) कोष संचालन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ ।

(क)लैंगिक हिंसा न्युनिकरण गर्ने वा अन्त्य गर्ने जस्ता कार्य तथा हिंसाप्रभावितकोउद्धार, पुर्नस्थापना, शीप क्षमता विकास, परामर्श, कानूनी उपचार, राहत र अल्पकालिनआश्रयको लागि बार्षिकरुपमा अनुमानित कार्ययोजना तयार गर्ने र गाँउकार्यपालिकामा शिफारिस गरी अनुमोदनको लागी गाउँपालिकाको नीति तथा कार्यक्रम र आवश्यक वजेट तर्जुमाको लागि कार्यपालिका मार्फत शिफारिस गर्ने, गराउने ।

(ख) लैंगिक हिंसाप्रभावितहरुको पहिचान गरि यो कार्यविधिले तोके बमोजिम सबै प्रकारका आवश्यक सहयोग उपलब्ध गराउने ।

(ग) स्विकृत वार्षिक कार्यक्रम अनुसार कोषको प्राथमिकताका आधारमा परिचालन तथा संचालन गर्ने, गराउने ।

(घ) कोष संचालन समितिका काम कारवाही अनुगमन तथा मुल्यांकन गर्न गाँउपालिकाबाट गठित कार्यदलगठन गरिनेछ ।र सो कार्यदल टोलीलाई आवश्यक सहयोग गर्ने ।

(ङ)लैगिक हिंसा निवारणको क्षेत्रमा क्रियाशिल संघ संस्था वा व्यक्तिहरुसँग समन्वय र सहकार्य गर्ने गराउने ।

(च) कोषमा आक्षश्यक रकम वृद्दि गर्न श्रोतहरुको खोजी गर्ने, गराउने ।

(छ) आवश्यक अन्य कार्य गर्ने ।

(७) समितिको वैठक सम्बन्धी व्यवस्था

(१) समितिको वैठक देहायबमोजिम बस्नेछ ।

(क) समितिको नियमित वैठक कोष संचालन समितिको संयोजकले चौमासिक रुपमा र आवश्यक परेको खण्डमा आवश्यकता अनुसार वोलाउनेछ ।

(ख) कोष संचालन समितिको संयोजकको निर्देशनमा समितिका सदस्य-सचिवले नियमित र अन्य आवश्यकवैठकको सूचना र व्यवस्थापन गर्नेछ ।

(ग) कोष संचालन समितिको गणपुरक संख्या कुल सदस्यहरुको ५१ प्रतिशत मानिनेछ । गणपुरक संख्या नपुगभएको निर्णय अमान्य हुनेछ ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

(घ) समितिको बैठकको अध्यक्षता कोष संचालन समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थिति बैठक बस्नुपरेमा उपस्थित मध्ये सबैभन्दा ज्येष्ठ सदस्यले कोष संचालन समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(ङ)समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । मत बराबरी भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(२) माथि उपदफा (१) मा जेसुकै लेखिएको भएपनि कोष संचालन समितिको बैठकमा आवश्यकता अनुसार विषयगत शाखा / महाशाखाका कर्मचारी, विषय विज्ञ, सामाजिक संघसंस्था वासुरक्षा निकायका प्रतिनिधिहरुलाई समेत आमन्त्रित गर्न सकिनेछ ।

८ अनुगमन, मुल्यांकनटोली गठन

(१) माथी दफा ६ को उपदफा (१) बमोजिम कोष संचालन समितिको काम कारवाहीको अनुगमन गरी सुधारको लागि सुझाव पेश गर्न कैलारी गाँउकार्यपालिकाले देहाय बमोजिम १ वा १ भन्दा बढी अनुगमन टोली गठन गरि खटाइनेछ ।अनुगमन टेलीको संरचना निम्नानुसार हुनेछ ।

(क) कार्यपालिका सदस्यहरुमध्येबाट १ जना सदस्य संयोजक

(ख) सम्बन्धीत क्षेत्रमा क्रियाशिल समाजिक संस्थाहरुमध्येबाट १ जना सदस्य

(ग) वालवालिका महिला तथा सामाजिक शाखा वाहेक अन्य शाखाहरुमध्ये १ जना महिला सदस्य गरि ३ सदस्ययी अनुगमन टोली रहनेछ ।

(घ) अनुगमन टोलीले अनुगमन गर्दा कार्यालय समयलाई प्राथमिकता दिनुपर्नेछ । अनुगमन टोलीको कार्यविवरण, समय र अवधी कार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ ।

तर माथि जेसुकै लेखिएको भएपनि एक पटक अनुगमन टोलीमा खटिएको व्यक्ति पुन सोही प्रयोजनको लागी खटिने छैन । निजको स्थानमा गाँउकार्यपालिका वैठकले अर्को व्यक्तिलाई खटाउनेछ।

९ कोष संचालनमापदण्ड र प्रकृया

(१) कोषको खर्च संचालन मापदण्ड: कोष संचालन समितिले तपसिल बमोजिमको आधार र मापदण्ड अनुसार खर्च गर्नेछ ।

(क) प्रभावितलाई तत्काल उद्धार सुरक्षा एवं संरक्षण, अल्पकालिन आश्रय, राहत, कानूनी उपचार, मनोसामाजिक परामर्श तथाऔषधी उपचार र यातायात,पुर्नस्थापना वा राहतको लागि बढिमा ५ हजारसम्म उपलब्ध गराउनसक्नेछ । तरप्रभावितलाइ गम्भीर मानवीय क्षति हुने



समक्ष चौधरी
गा.पा. अध्यक्ष
CamScanner

आधार र कारण सहित मनासिव अवस्था देखिएमा कोष संचालन समितिले निर्णय गरी बढीमा १०हजारसम्म आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(ख) माथि उल्लिखित (क) अनुसारका कुनै हिंसाप्रभावितले यस कार्यविधिको उद्देश्य अनुसार कुनै सीपमुलक तालिम वा वस्तुगत वा आर्थिक सहायताको माग गरेमा निजको निवेदन लिई संचालन समितिले आवक्षयकता अनुसार सम्बन्धित प्राविधिक समेतबाट राय लिइ प्रभावितकोअवस्था जाँचबुझ गरि सोको प्रतिवेदनको आधारमा चाहेको सीप प्रदान गर्न वा कुनै व्यवसाय जिविकोपार्जन हेतु नगदै वा वस्तुगत सहायताको लागि बढीमा रु.१०हजारसम्म आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

(ग) माथि उल्लिखित (क) र (ख) बमोजिम हिंसा प्रभावितलाई आवश्यक पर्ने कानूनी सहायता, मनोसामाजिक परामर्शको लागि निजवाट निवेदन लिइ अवस्था समितिले जाँचवुझ गरि बढीमा रु.५ हजारसम्मको आर्थिक सहायता उपलब्ध गराउनेछ ।

(घ) प्रभावितलाई उद्धार गर्ने प्रयोजनका लागि यदि सार्वजनिक सवारी साधनमा यातायात गर्नुपर्ने भएमा लाग्ने टीकट अनुसारको यातायात भाडा र वाटो खर्च वा खाना नास्ता वाफत प्रतिदिन बढीमा रु.४०० सम्म रकम उपलब्ध गराउनेछ ।

(ङ)यदि पीडितलाई उपचार गर्न अस्पतालमा भर्ना गर्ने अवस्था आईपरेमा सार्वजनिक सवारी साधन भएमा लाग्ने टीकट अनुसार यातायात खर्च, अस्पताल भर्ना गरि बस्नुपरेमा वेडको लाग्ने रकम, यदि वाहिर बस्नुपर्ने भए प्रति दिन रु.५०० र खाना खाजा खर्च वाफत प्रतिदिन रु.४०० सम्म उपलब्ध गराउनसक्नेछ ।

(च) प्रभावितको उद्धारकार्यमा खटिने गाउँपालिकाका कर्मचारी, संचालन समितिका पदाधिकारीहरु वा पीडितसँग खटिने अन्य व्यक्तिको दैनिक भ्रमण खर्च गर्नुपर्ने अवस्था आईपरेमा यो कोषबाट खर्च गर्न पाइनेछैन।निजहरुको खर्चको व्ययभार गाउँपालिकाको अन्य भ्रमण शीर्षकबाट नियमानुसार गरिनेछ ।

(२) कोष संचालन प्रकृयाः माथि उपदफा (१) बमोजिम कोषको रकम खर्च वा संचालनको लागि देहायअनुसारको विधि अनुसार संचालन गरिनेछ ।

(क) प्रभावितको लागि यस कार्यविधि अनुसार राहत तथा आर्थिक सहायता,सुरक्षा एवं संरक्षण, अल्पकालिन आश्रय, राहत, कानूनी उपचार, मनोसामाजिक परामर्श तथाऔषधी उपचार र यातायात,पुर्नस्थापना तथाकुनै शीप तथा तालिम वा कुनै वस्तुगत वा अन्य कुनै सहायता आवश्यक पर्ने भएमा पीडित आफैले वा निजको तर्फवाट संरक्षकले कारण र औचित्य खुलाई निवेदन साथ आधार खुल्ने कागज प्रमाण समेत साथमा राखि कोष संचालक समितिको सदस्य



राज समफ चौधरी
गा.पा. अध्यक्ष

सचिव समक्ष सामान्य ढाँचामा निवेदन दिनुपर्नेछ। सदस्य सचिवले संचालन समितिसमक्ष पेश गरि जाँचबुझ गरि आवश्यक देखिएमा माथि उपदफा (१) अनुसार तोकिएको मापदण्डको अधिनमा रहि आवश्यक सहायताको लागि निर्णय गरि उपलब्ध गराउनेछ ।

(ख) माथि जुनसकै लेखिएतापनि प्रभावितलाई उल्लिखित रकम तत्काल उपलब्ध गराउनुपर्ने मनासिव कारण तथा औचित्य भएमा संचालन समितिका संयोजकले पछि अनुमोदन गर्ने गरि तोकिए बमोजिम तत्काल सहायता रकम उपलब्ध गराउनेछ । यसमा तत्काल आइपर्ने अवस्था भन्नाले प्राप्त लिखत वा मौखिक सुचनाका आधारमा प्रभावितको तत्काल उद्दार वा उपचार नगर्दा निजको जिउज्यानमाथी गम्भिर सकट आइपर्ने अवस्थालाइ जनाउनेछ ।

(ग) प्रभावितले आर्थिक सहायता माग गरेको सम्बन्धमा संचालन समितिले आवश्यक जाँचबुझ गर्दा माग गरे बमोजिम आवश्यक सहायता गर्नुपर्ने अवस्था नदेखेमा सोही व्यहोरा र माग गरेको सहायतामा आंशिक वा पुरा सहायता प्रदान गर्नुपर्ने भएमा सो व्यहोरा समेत स्पष्ट खुल्ने गरि संचालक समितिले निर्णय गरि निवेदकलाई लिखित जानकारी गराउनुपर्नेछ ।

१० संचालन समितिको प्रशासनिक तथा विविध खर्च व्यवस्थापन

(१) संचालन समितिको प्रशासनिक खर्च गाउँपालिकाले वार्षिकरुपमा बजेट विनियोजन गर्नेछ । उक्त रकम प्रशासनिक कार्य र बैठकमा आवश्यक पर्ने कार्यालय सम्बन्धी सामाग्रि, मसलन्द, सहभागिहरुलाई चिया/खाजा र यातायात तथा भ्रमण खर्च नेपाल सरकारको प्रचलित आर्थिक कानूनमा तोकिएभन्दा बढी खर्च नहुने गरि व्यवस्थापन गरिनेछ । तर कार्यालय समयमा हुने बैठकमा संचालन गर्दा मितव्ययी भै गर्नुपर्नेछ ।

(२)माथि उपदफा (१) बमोजिमको कार्यमा आवश्यक पर्ने आर्थिक व्ययभार कुनै सामाजिक संस्था, निकाय तथा व्यक्तिलेव्यहोर्न चाहेमा कानुन बमोजिम गाउँपालिका वा संचालन समितिसँग सम्झौता गरि उक्त सम्झौतामा उल्लिखित सर्तअनुसार खर्च व्यवस्थापन गर्न भने कुनै वाधा हुनेछैन ।

११ कोषको खाता संचालन

(१) कोषको रकम संचालन समितिको निर्णय अनुसार गाउँपालिका भित्र रहेको कुनै वाणिज्य बैंकमा खाता खोली कोष संचालन गरिनेछ । कोषमा प्राप्त हुने रकम तथा भूक्तानि प्रकृया सम्भव भएसम्म बैंकिङ्गखाता प्रणाली अनुसार हुनेछ ।

(२) माथि उल्लिखित उपदफा (१)अनुसार कोषको खाता संचालन गाउँपालिकाको प्रमूख प्रशासकिय अधिकृत र लेखाशाखा प्रमूखको संयुक्त दस्तखतबाट हुनेछ ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(३) तर माथि उपदफा (२) बमोजिमका पदाधिकारी लामो समयसम्म नहुदा कायमी वाधा भइ नकारात्मक असर पर्ने अवस्था आईपर्ने देखिएमा गाउँकार्यपालिकाको निर्णयले र प्रमूख प्रशासकिय अधिकृत र लेखाशाखा प्रमूख मध्ये कोही लामो समयसम्म विदामा वस्नुपर्ने असाधारण अवस्था आईपरेमा कार्यालयमा हाजिर नहुदासम्मको अवधीको लागीयस कार्यविधिको दफा १८बमोजिम निजले आफूले प्राप्त गरेको अधिकार आफू मूनिको वा समानस्तरको कुनै कर्मचारीलाइ प्रत्यायोजन गर्न सक्नेछ । यसरि अधिकार प्रत्यायोजन गरिएको व्यक्तिबाट खाता संचालन हुनेछ ।

१२ कोषको लेखा परिक्षणर लेखापरिक्षण प्रतिवेदन

(१) यस सम्बन्धमा प्रचलित कानून बमोजिम गाउँपालिकाले अपनाएको प्रकृया तथा पद्दति अनुसार हुनेछ ।

१३ कोषको रकम फ्रिज नहुने

(१) कोषको रकमको प्रकृति सन्चित खालको हुनाले चालु आर्थिक बर्षमा खर्च हुननसकेको रकम फ्रिज हुनेछैन ।

१४.प्रगति प्रतिवेदनसम्बन्धमा

(१) संचालन समितिले आफूले गरेको वार्षिक कार्यसम्पादन प्रगति प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको मितिले ३ महिना भित्र गाउँकार्यपालिका बैठक र महिला वालवालिका र ज्येष्ठनागरिक मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

१५ कोषको सचिवालय

(१) कोष सचालन सिमितको सचिवालय गाउँपालिकाको महिला वालवालिका तथा सामाजिक शाखामा रहनेछ।

१६ अभिलेख व्यवस्थापन

(१) कोष संचालन समितिले आफूले गरेको कार्यहरुको प्रगति विवरण सहितको सालोसालको अभिलेख डिजिटल प्रणालीमा समेत राख्नुपर्नेछ ।

(२) उपदफा (१) प्रयोजनको लागि गाउँपालिकाले आवश्यक जनशक्ति व्यवस्थापन गर्नेछ ।

१७ उत्तरदायित्व र जवाफदेहिता

(१) कोष संचालन समिति आफ्नो कामकारवाहीमा गाउँकार्यपालिका प्रति जवाफदेहि हुनेछ । र गाँउकार्यपालिकाले दिएको निर्देशन र अनुगमनबाट प्राप्त सुझावहरुको पालना गर्नु कोष संचालन समितिको कर्तव्य हुनेछ ।

१८अधिकार प्रत्यायोजन



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(१) कोष संचालन समितिले आवश्यक वा भैपरि आएको अवस्थामा आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केहि अधिकार कोष संचालन समितिको संयोजक, सदस्य वा गाउँपालिकाको कुनै विषयगत शाखाको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्नसक्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम अधिकार प्रत्यायोजित भएको व्यक्तिले आफूले गर्ने काम कारवाहीको जवाफदेहि कोष संचालन समिति प्रति हुनेछ ।

१९ कोष खारेज हुनसक्ने अवस्था

(१) कुनै कारण वा परिस्थितिमा यस कार्यविधि अनुसार कोष संचालन गर्न आवश्यक नभएमा वा भविश्यमा कोषको उद्देश्य पुरा गर्न कुनैअन्य उपाय वा निकायद्वारा प्रबन्धमा हुने अवस्था आईपरेमा गाउँकार्यपालिकाले उक्त कोष सम्बन्धी सबै व्यवस्था खारेज गर्नसक्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम खारेज हुदाका वखत कोषमा रहेको रकम तथा दायित्व हस्तान्तरण सम्बन्धी निर्णय गाउँकार्यपालिकाको वैठकले गर्नेछ ।

२० वाधा अडकाउ सम्बन्धमा

(१) यस कार्यविधिमा भएको कुनै विषयको व्याख्या वा प्रचलनमा कुनै द्विविधा वा विवाद उत्पन्न भएमा गाँउकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

२१ बचाउ र खारेजी

(१) यसअघि यस कार्यविधिको उद्देश्य अनुसार भएगरेका कामकारवाही यसै कार्यविधिको अभिन्न अंग मानिनेछ ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

समाप्त



CamScanner